'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १४३ शनिवार ०५ माघ, २०८१ 18 (Saturday) January 2025 पृष्ठ ४, मूल्य रु : १०।-

### प्रदेश सरकार प्रति नकारात्मक टिप्पणी नगर्न अनुरोध

## भावनामा बगेर होइन, यथार्थमा रहेर मूल्याक्तन गरौँ : मुख्यमन्त्री आचार्य

नमस्ते समचारदाता
दाङ, माघ/०४



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले स्थापनाको केही वर्षमै प्रदेशको बारेमा नकारात्मक टीकाटिप्पणी गर्ने बेला भई नसकेको बताउँदै भावनामा बगेर होइन, यथार्थमा रहेर प्रदेश सरकारको मूल्याङ्कन गर्न आग्रह गरेका छन् । "मुख्यमन्त्रीसँग कान्तिपुर बहस" कार्यक्रममा बोल्दै मुख्यमन्त्री आचार्यले प्रदेश सरकार स्थापना भइसकेपछि भौतिक विकास र मानवीय विकासको कामले गति लिएको छ । नागरिकहरूले अपनत्व गर्दै गएका कारण प्रदेश सरकार जनताकै पक्षमा रहेको पुष्टि गरेको बताए । कान्तिपुर बहसमा मुख्यमन्त्री आचार्यले भने, 'प्रदेशको बारेमा नकारात्मक टीकाटिप्पणी गर्ने बेला अझै भइसकेको छैन । भावनामा बगेर होइन, यथार्थमा रहेर प्रदेश सरकारको मूल्याङ्कन गर्न जरुरी छ । प्रदेश सरकार स्थापना हुनुभन्दा अघि र प्रदेश सरकार स्थापना भएको अवधिमा भएका विकासलाई तुलना गरेर मात्रै मूल्याङ्कन गर्दा न्याय हुन्छ भन्ने लाग्छ ।' प्रदेश स्थापनापछिका ७ वर्षको अवधिमा गाउँ बस्तीको मुहार फेरिएको, बाटो(घाटो पक्की भएको, खानेपानीको धारा घर घरमा पुगेको, आधारभूत स्वास्थ्य उपचारमा नागरिकको पहुँच पुगेको, गाउँ तहमा शिक्षालयहरू खुलेको, प्राविधिक विषयको अध्ययन गर्न समुदायमै अवसर प्राप्त भएका जस्ता उपलब्धिलाई पनि हेर्न जरुरी रहेको आचार्यको भनाइ छ । गाउँमा विकास पुऱ्याउने काम प्रदेश सरकारले गरिरहेको र जनजीवनमा सकारात्मक परिवर्तन देखा परेको मुख्यमन्त्री आचार्यको भनाई छ । प्रदेश सरकारले प्रदेश गौरवका आयोजनालाई तीव्रता दिएको र चाँडै सम्पन्न गर्नेगरी रणनीति बनाएको बताए । पाल्पाको रामपुरदेखि रोल्पाको जिनावाङ्ग सडक, लुम्बिनी प्रादेशिक अस्पताल निर्माण, लुम्बिनी प्रदेश प्रशासनिक केन्द्र भवन निर्माण, लुम्बिनी प्राविधिक विश्व विद्यालय नेपालगञ्जको कामलाई सरकारले गति प्रदान गरेको मुख्यमन्त्रीले दाबी गरे । कार्यक्रममा नागरिकले उठाएका सवालहरूको जवाफदिदै मुख्यमन्त्री आचार्यले नागरिकका समस्या सुन्न, पिर मर्का बुझ्न प्रदेश सरकार जतिबेला पनि तयार रहेको बताए । 'जनताको पिर मर्का बुझ्नकै लागि सरकार बनेको हो । नीति, नियम, कानून बनाएर समस्यालाई समाधान गर्नेगरी कामहरू भइरहेका छन्' उनले भने,'केही कामहरू अझै गर्न बाँकी छन् । त्यसमा सरकारले ध्यान दिएको छ ।'

## हिमाली जिल्ला हुम्लाबाट एक करोडको स्याउ निकासी

नमस्ते समचारदाता
हुम्ला, माघ/०४



हिमाली जिल्ला हुम्लाबाट एक करोडको स्याउ जिल्ला बाहिर निकासी भएको छ । खार्पुनाथ गाउँपालिका- ५ को खार्पुसम्म राष्ट्रिय सडक सञ्जाल जोडिएसँगै सो मूल्य बराबरको स्याउ जिल्ला बाहिर निकासी भएको हो । सिमकोट गाउँपालिका- ३ का उपेन्द्र लामाले पचास क्विन्टल स्याउ पैदल मार्गबाट निकासी भएको जानकारी दिनुभयो । जिल्लाभरिबाट स्याउ व्यापारीहरुले एक करोड मूल्यको स्याउ जिल्ला बाहिर लगेर बिक्री गरेको उहाँले जानकारी दिनुभयो । यसअघि हवाईजहाजबाट मात्र स्याउ नासोका रुपमा जिल्ला बाहिर लग्ने गरिन्थ्यो । कच्ची सडक भएका कारण स्याउ ढुवानी गर्दा २० प्रतिशत खेर जाने उहाँको भनाइ छ । त्यति नै मात्रामा स्याउ निकासी गर्नु भएका कार्बु लामाले पनि हुम्लाको स्याउ काठमाडौं, पोखरा, भैरहवा, नेपालगन्ज मात्र नभएर भारतको दिल्लीसम्म लगिएको बताउनुभयो । त्यसैगरी, चङ्ख्ेली गाउँपालिका- ३ का प्रकाश जैसीले यसवर्ष ५८४ कार्टुन स्याउ व्यक्तिगत रुपमा निकासी अनुदान र व्यक्तिगत रुपमा पनि अन्य सात जना किसानले स्याउ जिल्ला बाहिर बिक्रीका लागि लग्नुभएको थियो । किसानबाट जिल्लामा खरिद गर्नुभएका स्याउ व्यापारीहरुले प्रतिकेजी २५ देखि २८ रुपियाँसम्म तिर्नुभएको थियो । स्याउ जोन परियोजनाले हालसम्म तीन हजार ३६६ कार्टुन स्याउ जिल्ला बाहिर निकासीका लागि ढुवानीमा अनुदान दिएको परियोजनाका नायब सुब्बा लक्ष्मीप्रसाद अधिकारीले बताउनुभयो । एउटा कार्टुनमा १४ केजी स्याउ अट्ने गर्छ । परियोजनाले ४७ हजार १२४ केजी स्याउ निकासीमा अनुदान दिएको छ । यस वर्ष परियोजनाको ५० प्रतिशत ढुवानीमा अनुदान दिएर पैदल मार्गबाट स्याउ ढुवानी गर्ने कार्य सुरु भएको हो । यसका लागि नौ लाख बजेट परियोजनाले खर्च गरेको छ । परियोजनाले जिल्ला दर रेट अनुसार प्रतिकेजी स्याउमा ५० प्रतिशत अनुदानको व्यवस्था दिनेछ । जिल्लाबाट सुर्खेत र नेपालगन्जसम्म निकासी भएको स्याउलाई ढुवानी अनुदान दिने गरिएको छ । त्यसैगरी स्याउका दाना प्याक गर्नका लागि ८५ प्रतिशत अनुदानमा कार्टुन पनि किसानलाई उपलब्ध गराइएको छ । जसमा एउटा कार्टुनको मूल्य किसानले ३५ रुपियाँ तिर्नुभएको थियो । जिल्लामा उत्पादन भएको स्याउको बजारीकरणका लागि परियोजनाले ढुवानीमा अनुदानको व्यवस्था गरेको हो । कच्ची सडक र गुणस्तरीय रुपमा प्याकिङ गर्न नसकिएका कारण स्याउ निकासी गर्ने किसानहरुले भने समस्या झेल्नु परिरहेको छ ।

## दैलेखमा पेट्रोलियम पदार्थ अन्वेषण नमूना स्याम्पल लिएर विज्ञ टोली चीन फर्कियो

नमस्ते समचारदाता
दैलेख, माघ/०४



दैलेखको भैरवी गाउँपालिका (१ जलजलेमा पेट्रोलियम पदार्थ अन्वेषणको 'ड्रिलिङ' कार्य सम्पन्न भएसँगै निस्किएको नमूना लिएर चिनिया प्राविधिक विज्ञ टोली चीन फर्किएको छ । गत वैशाख २३ गतेदेखि सुरु गरिएको लक्ष्य अनुसारको ड्रिलिङ कार्यबाट भेटिएको नमुना लिएर विज्ञ टोली चीन गएको हो । खानी तथा भूगर्भ विभागका भूगर्भविद् प्रकाश लुइँटेलले चार हजार १३ मिटर गहिराइसम्म ड्रिलिङ कार्य सकिएसँगै त्यसबाट आएका नमूना 'स्याम्पल' लिएर चीनको प्राविधिक टोली चीन फर्किएको बताए । लुइँटेलले भने, 'विज्ञहरूले चार हजार एक सय तीन मिटर गहिराइसम्म खन्दा दुई/दुई मिटरको फरकमा गहिराइबाट गिट्टी र बालुवाको नमूना सङ्कलन गरिएको थियो । प्राप्त नमूनालाई सङ्कलन गरी 'सोर्स रक' , 'रिजर्भ वायर रक' र 'सिल रक' थप अध्ययनका लागि मालवाहक गाडीमा ढुवानी गरेर टोली चीन फर्किएको ।' पेट्रोलियम पदार्थको अन्वेषणका लागि गरिएको ड्रिलिङ कार्य सकिएपछि केसिङ र सिमेन्टको काम सकिएको भूगर्भविद् लुइँटेलले बताए । उनले पेट्रोलियम पदार्थको अन्वेषणका लागि चीनबाट आएको ३५ जनाको प्राविधिक टोलीमध्ये १५ जना मात्र जलजलेमा रहेका र अन्य सबै फर्किएको जानकारी दिए । तीन महिनापछि उत्खननका लागि ग्यास भण्डारण र प्रशोधनको काम अगाडि बढाउन सकिन समेत लुइँटेलले जानकारी गराएका हुन । भूगर्भविद् लुइँटेलका अनुसार पहिलो चरणमा चिनियाँ प्राविधिकहरूले दैलेखको स्थलगत अध्ययन गरेर पेट्रोलियम पदार्थ हुनसक्ने सम्भावित ठाउँ पत्ता लगाएका थिए । त्यसैका आधारमा ड्रिलिङका लागि रिङ हाउस निर्माण गरी काम सुरु भएको थियो । खानी भेटिएपछि त्यसको आर्थिक विश्लेषण हुने र त्यसपछि मात्र उत्पादनको आवश्यक काम अगाडि बढ्ने छ । दैलेखको शिर स्थान, नाभिस्थान पादुकास्थानमा गरी तीन वर्षभित्र पेट्रोलियम पदार्थको अनुसन्धान सक्ने गरी चिनियाँ सरकारसँग नेपाल सरकारले सन् २०१९ फेब्रुअरी २८ मा सम्झौता गरेको थियो ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
सोरु गाउँपालिका
मुगु

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## कर्णालीले पर्खिरहेको खेलकुद उत्सव

विकासका पूर्वाधारमा पछाडि पारिएको कर्णाली प्रदेशको राजधानी सुर्खेतमा १ अर्ब ५९ करोडको लागतमा अन्तर्राष्ट्रिय मापदण्डको रंगशाला निर्माण भएको छ । जसको क्षमता १० हजार दर्शक हो । प्याराफिट, फुटबल मैदान, एथ्लेटिक्स ट्र्याक र विभिन्न खेलका कभर्ड हल पनि छन् । यी सबै पूर्वाधारले यहाँको खेलकुद विकासमा ठूलो आशा जगाएको छ । यी पूर्वाधार तत्कालै उपयोगमा आउँदै पनि छन्, राष्ट्रिय खेलकुद प्रतियोगिताको अवसरमा । हो, मुलुकको ठूलो खेल महोत्सवको १०औं संस्करण आउँदो चैत २३ देखि ३० सम्म कर्णालीको सुर्खेतमा हुँदैछ । दसौं राष्ट्रिय खेलकुद प्रतियोगिता कसो होला, कहाँ होला भन्दाभन्दै कर्णालीमा तयार पूर्वाधारले यसको सुनिश्चिता पनि प्रदान गरेको छ । दसौं खेलकुदकै सन्दर्भमा धेरै खेल सुर्खेतमा भए पनि प्रतियोगिता प्रदेश राजधानीमा मात्रै सीमित हुँदै छैन । २४ खेलमध्ये ८ वटा बाँकी जिल्लामा हुँदै छ, त्यसका लागि पनि पूर्वाधार तयार भएको छ । कतिपयमा भने बजेट अभावले पूर्वाधार अधुरा पनि छन् । बरु समय छँदै सरकारले तिनलाई पूरा गर्नुपर्ने देखिन्छ । १०औं राष्ट्रिय खेलकुद प्रतियोगिताले कर्णालीको खेलकुद क्षेत्रमा सकारात्मक परिवर्तन पक्कै ल्याउने नै छ । त्यस कारण पनि यही मेसोमा यहाँ पूर्वाधार तयार गर्न सरकारले कन्जुस्याइँ गर्नु हुँदैन । प्रशिक्षक र खेलाडीको अभाव, छात्रावास तथा आवासगृहको अभावले यहाँका खेलाडीलाई निराश बनाएको छ । दैलेख, रुकुमपश्चिम, रास्कोटजस्ता स्थानमा अधुरो रंगशाला निर्माणको कथा अझै यथावत छ । दलगत विवाद र उपभोक्ता समितिहरूको राजनीति यस्ता आयोजनाहरूमा बाधक बनेका छन् । जुनचाहिँ पक्कै पनि बिडम्वनापूर्ण छ । शिक्षा, स्वास्थ्य र अरू विकासका आधारभूत आवश्यकताकै सन्दर्भमा कर्णाली राज्यबाट उपेक्षित भएको ठाउँ हो । होइन भने प्राकृतिक स्रोतले सौन्दर्यले यो ठाउँ धनी छ । त्यसको पहिचान र सदुपयोग पनि राज्यले गर्न नसकेकै हो । खेलकुद जस्ता गतिविधि हुँदा कर्णाली एकातर्फ राज्यको नजरमा परेको अनुभूति गर्न सकिन्छ भने सँगसँगै यहाँका पर्यटकीय पहिचान पनि यही बेला उजागर हुने छन् । खेलकुद भनेको आफैमा मनोरञ्जनमात्रै होइन, यो त राष्ट्रिय पहिचान र एकतासँग पनि सम्बन्धित छ । जसले सारा नेपालीलाई जोड्छ ।

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

# विद्यार्थीलाई होमवर्क दिने कि

**प्रविज्ञ रेग्मी**

सात वर्षकी चन्द्रकला स्कुलको पोसाक लगाइसकेपछि घरमै अलप भइन्। स्कुल जान तयार भएकी बच्ची आमाले खोज्दा घरकै ठूलो दराजको कुनामा दपन्निएर चुपचाप लुकेर बसेकी भेटिइन्। उनी स्कुल जान तयार थिइनन्। गहभरि आँसु थियो। तनावका कारण शरीर अरमठ्ठ थियो। सधैं स्कुल जाने चन्द्रकलाले यस्तो स्वभाव बेलाबेलामा देखाउँथिन् । कारण – शिक्षकले दिएको अत्यधिक गृहकार्य (होमवर्क) गर्न नसकेको र त्यसको परिणामको त्रासले अत्तालिएकी । यो एक प्रतिनिधि घटना हो। यस्तै प्रकृतिका वृत्तान्त थुप्रै सुनिन्छन् । यो लेखअघि पाठक समक्ष यसै सन्दर्भमा केही प्रश्न तेर्स्याउँछु – हाम्रो बालबालिकाप्रतिको संवेदनशीलता कहाँ गयो होला? किन ती कलिलाहरूलाई वयस्कको जस्तै व्यवहार गरिन्छ? गृहकार्यको बोझ दिएर शैक्षिक उन्नति ल्याउन प्रेरित स्कुल वा शिक्षकहरूले र गृहकार्यले थिचाएर घरमा आफ्नै बालबालिकाका सुलभ वृत्तिहरूलाई तुसारापात गराउने अभिभावकहरूले किन उनीहरूका स्वनियमनका पक्ष पाखा लगाउँछन्? बालबालिकालाई गृहकार्य दिने वा नदिने भन्ने तातो बहस शिक्षा क्षेत्रमा भइरहन्छ। यो लेखमा यस विषयमा भएका अनुसन्धानहरूले के देखाउँछन्, तुलनात्मक विश्लेषण गर्नेछु। पहिलो पाटोमा किन नदिने, दोस्रो पाटोमा किन दिने र निष्कर्षमा के उपयुक्त हुन्छ भन्ने राख्ने छु। आशा छ, यसले अन्तरदृष्टि दिनेछ। अध्येता अल्फी कोह्नले आफ्नो किताब 'द होमवर्क मिथ' मा बालबालिकालाई गृहकार्यको बोझ दिन नहुने बताएका छन्। स्कुलको दिनभरको कार्यपछिको स्वतन्त्र समय खोसिन नहुनेमा उनी जोड दिन्छन् । उनको अध्ययनले देखाएको छ – गृहकार्यले विद्यार्थीको बौद्धिक विकासमा खासै फरक पार्दैन। गृहकार्य गरेर आउने भनिएको फाइदाको तुलनामा यसले ल्याउने दिकदारी र तनावको प्रभाव धेरै पर्छ। प्रत्युत्पादक पनि हुन्छ ।

अस्ट्रेलियन शिक्षामनोवैज्ञानिक रिचार्ड वाकरको अनुसन्धानको निष्कर्ष पनि त्यही छ – विशेषगरी प्राथमिक तहका विद्यार्थीको शैक्षिक उपलब्धि र गृहकार्यबीच कुनै महत्त्वपूर्ण सम्बन्ध छैन। गृहकार्यले उच्च शैक्षिक नतिजा ल्याउँदैन । शिक्षक र अनुसन्धानकर्ता वेन्डी तोशिहारा भन्छिन्, 'गृहकार्य बालबालिकाको विकासको चरण र आवश्यकतासँग मेल नखाएमा हानिकारक हुन्छ ।'कोह्न भन्छन्, 'गृहकार्यले विद्यार्थीको प्रगति हुन्छ भन्नु एक भ्रम हो। प्राथमिक तहका विद्यार्थीलाई त शिक्षाको नाममा निर्देशन गरिने गलत मार्ग हो। बालबालिका प्रति शैक्षिक अविश्वासको परिणती हो।'उनी थप भन्छन्, 'माध्यमिक र निम्न माध्यमिक तहका विद्यार्थीको शैक्षिक प्रगति र गृहकार्यबीच थोरै अन्तरसम्बन्ध भए पनि गृहकार्य नै शैक्षिक उपलब्धिको आधार होइन। प्रशस्त गृहकार्य गर्ने विद्यार्थीको प्रगति भएको छ पनि त्यसको मूल कारण गृहकार्य होइन। त्यसैले उच्च उपलब्धि पाएका सबै विद्यार्थीले धेरै गृहकार्य गर्छन् भन्न हुँदैन, अन्यलाई यसको बोझले थिच्न हुँदैन। यसले शैक्षिक समता खल्बलिन्छ।' अध्ययनहरूले देखाएका छन् – अभ्यासका नाममा दोहोऱ्याइ-तेहऱ्याइ लेख्न दिइने गृहकार्यको प्रचलनले विद्यार्थीहरू जिज्ञासाबाट वञ्चित हुन्छन्। उनीहरूको सिर्जनशीलतामा ह्रास आउँछ। सिकाइको प्राकृतिक रूचि र आन्तरिक प्रेरणा कम हुन्छ। शिक्षाप्रति नकारात्मक भावना विकास हुन्छ। विद्यार्थीले वयस्क वा आफ्नै दौंतरीहरूसँग अन्तर्क्रिया गर्ने समय गृहकार्यले लिँदा यसले सामाजिक विकासमा समेत अवरोध पुऱ्याएको अनुसन्धानहरूले देखाएका छन् । स्कुल समयपछि चार-पाँच घन्टासम्म गृहकार्य नै गरिरहँदा विद्यार्थी थाक्छ। समय अभाव र थकानका कारण परिवारजनसँग घुलमिल हुने अवसर पनि कम हुन्छ। यो क्रम बढ्दै जाँदा उसको भावनात्मक विकास अवरूद्ध हुन्छ। यसको प्रभाव तत्काल नदेखिए पनि कालान्तरमा एकलकाटे, समाजमा घुलमिल हुन मुस्किल हुने जस्ता स्वभाव विकास हुने देखिएको छ । गृहकार्यको बोझले विद्यार्थीको सामाजिक, भावनात्मक विकासमा प्रत्यक्ष असर पर्ने अनुसन्धानले देखाएका छन् । स्ट्यानफोर्डका डिनिस पोपले चार हजारभन्दा बढी विद्यार्थीमा अध्ययन गरेर आएको निष्कर्षलाई प्रायोगिक शिक्षा जर्नलमा प्रकाशन गरेका छन्।

उनको निष्कर्ष छ – गृहकार्यको अधिक बोझले विद्यार्थीको मानसिक र शारीरिक स्वास्थ्यमा प्रत्यक्ष नकारात्मक असर गर्छ । गृहकार्यले प्रायः पारिवारिक समयमा अवरोध ल्याउँछ। जसले अभिभावक र बालबालिकाबीच द्वन्द्व सिर्जना गर्छ। एकातर्फ अभिभावकहरू गृहकार्य पूरा गराउन बाध्य हुन्छन्, अर्कोतर्फ बालबालिकाहरूलाई झन्झटिलो लागेको गृहकार्यको प्रतिरोध गर्दा सम्बन्ध तनावपूर्ण हुन्छ । गृहकार्यले बालबालिकाको स्वतन्त्र खेल, अतिरिक्त क्रियाकलाप र विश्रामका लागि समय कम गरिदिन्छ । कोह्नले भावनात्मक र सामाजिक विकासका साथै सिर्जनशीलता विकासका लागि फुर्सदको समय आवश्यक हुने बताएका छन्। धेरै घन्टासम्म गृहकार्य गर्नुपर्ने बालबालिकाले उनीहरूको सर्वांगीण विकासका लागि महत्त्वपूर्ण पारिवारिक अनुभवहरू गुमाउन सक्छन् । गृहकार्यले प्रायः आलोचनात्मक सोचभन्दा आज्ञा पालना गर्ने बानीलाई प्राथमिकता दिन्छ। यस्ता कार्यहरू अक्सर विद्यार्थीहरूले आफूलाई दिइएको आदेश पूरा गराउन खोजिएको बुझ्छन्, र उनीहरू त्यसमा आलोचनात्मक प्रश्न गर्न, अन्वेषण गर्न उत्साहित हुँदैनन्। काम पूरा गर्ने ध्येयमा केन्द्रित हुँदा अध्ययन यान्त्रिक हुन्छ । एकै प्रकारका गृहकार्य सबै विद्यार्थीका लागि उपयुक्त हुँदैनन्। स्कुलमा गृहकार्यलाई विद्यार्थीहरूको व्यक्तिगत आवश्यकता, क्षमता, वा चासोअनुसार प्रायः परिमार्जन गरिँदैन। एउटै साँचोमा ढालेका कार्यहरूले विद्यार्थीहरूको अद्वितीयपनलाई सम्बोधन गर्दैन र विविध सिकाइ शैली र गतिलाई ध्यानमा राख्दैन । शिक्षाले विद्यार्थीहरूलाई आफ्नो सिकाइको स्वामित्व लिन सशक्त बनाउनुपर्छ। तर विशेषगरी बाध्यकारी र कठोर गृहकार्यले विद्यार्थीहरूको स्वायत्तता हटाउँछ। सिकाइलाई रोजाइ होइन, झन्झटिलो बनाउँछ। यसको प्रभाव सिकाइको स्वनियमनमा पर्छ र शैक्षिक जिम्मेवारी लिने प्रवृत्तिलाई नकारात्मक असर पर्छ।

अब लेखको दोस्रो पाटोमा गृहकार्यका सकारात्मक पक्षहरूबारे अनुसन्धानले के भन्छ भन्ने हेरौं । अध्येता ह्यारिस कुपर र रबर्ट मर्जानो, यी दुई नाम गृहकार्य पक्षधरका रूपमा आउँछन्। यी दुवैले गृहकार्यको आवश्यकता र यसका परिणतीहरूलाई समर्थन गर्छन्। उनीहरूको विश्लेषण र अध्ययनले ठिक्कको गृहकार्य आवश्यक हुने देखाउँछ । ह्यारिस कुपरको गृहकार्यको दस मिनेट नियम विश्वप्रसिद्ध छ। उमेर र कक्षा बढ्दै जाँदा गृहकार्यलाई दस मिनेटको आधार राखेर दिइएमा प्रभावकारी हुने उनी बताउँछन्। कक्षा एकका विद्यार्थीलाई दस मिनेट, दुईका लागि बीस, तीनका लागि तीस र चारका लागि चालीस मिनेट र एवं प्रकारले कक्षा अनुसार दसले गुणन गरी प्रतिदिनको गृहकार्य दिइएमा बौद्धिक विकासका लागि सहयोगी हुने यो एक सरल र सिधा नियम हो । माध्यामिक तहका विद्यार्थीहरूलाई दुई घन्टा वा आवश्यकता अनुसार थोरै थप गृहकार्य दिन सकिने यो नियमले निर्देशित गर्छ । कुपरको विश्लेषणले विशेषगरी माध्यामिक र उच्च माध्यामिक तहमा गृहकार्य र शैक्षिक उपलब्धिबीच सकारात्मक सम्बन्ध देखाएको छ। गृहकार्यले विद्यार्थीलाई अभ्यास, समीक्षा र वोध विकास गर्ने अवसर प्रदान गर्छ । उनी भन्छन्, 'गृहकार्यले जिम्मेवारी, समय व्यवस्थापन र अनुशासन जस्ता जीवन उपयोगी सीपहरूको विकास गर्छ र दीर्घकालीन सफलताका लागि अध्ययनको बानी विकास गर्न सहयोग गर्छ।'कुपरले गृहकार्यका कारण पारिवारिक तनाव नआउने बताउँछन्।'यसले त घर र स्कुलबीच पुलको काम गर्छ। किनभने, गृहकार्यको माध्यमबाटै अभिभावकलाई बालबालिकाको सिकाइमा सहभागिता जनाउने अवसर दिन्छ र बालबालिकाको सामाजिक भावनात्मक विकासमा सहयोग पुग्छ,' उनी भन्छन् । अनुसन्धानकर्ता रबर्ट मार्जानोले गृहकार्यबारे गहन अध्ययन र लेखन गरेका छन्। आफ्नो किताब 'क्लासरूम इन्स्ट्रक्सन ड्याट वर्क्स्' मा मार्जानोले गृहकार्यले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्न सक्ने तर्क प्रस्तुत गरेका छन् । मार्जानोको विचार अनुसार गृहकार्यले स्वतन्त्र सिकाइ र जिम्मेवारीलाई प्रोत्साहन गर्छ। यस्ता कक्षाकोठा बाहिर गरिने कार्यले विद्यार्थीको स्वनियमन सीप र सिकाइ व्यवस्थापन गर्ने क्षमता विकास गर्छ। यसले कक्षामा सिकेका कुरालाई विद्यार्थीले घनिभूत बनाउने अवसर पाउँछन् र सिकाइलाई दिगो बनाउँछन्। मर्जानो गृहकार्यका पक्षधर भए पनि यसका नियम र सर्तलाई शिक्षकले पालना नगरे गृहकार्य निष्प्रभावी र नकारात्मक हुन सक्नेमा सचेत गराउँछन्।

उनी भन्छन्, 'गृहकार्य पाठ्य योजनाका विशिष्ट लक्ष्यहरूसँग सरेखित हुनैपर्छ। विद्यार्थीलाई समयमै रचनात्मक पृष्ठपोषण दिनुपर्छ जसले विद्यार्थीलाई आफ्ना गल्ती थाहा पाउन, सोच परिष्कृत गर्न र सीप सुधार्न सहयोग गर्छ।'उनको अर्को महत्त्वपूर्ण सर्त छ – गृहकार्यको मात्रा होइन, गुणस्तर हुनपर्छ। आलोचनात्मक सोच र समस्या समाधानलाई प्रोत्साहन गर्ने सोचपूर्वक दिइएका कार्यहरू मात्रै लाभदायक हुन्छन्। जोन ह्याट्टी भिजिवल लर्निङका लागि प्रसिद्ध छन्। उनले विद्यार्थीको उपलब्धिमा प्रभाव पार्ने तत्वहरूको अनुसन्धानलाई समष्टिमा प्रस्तुत गरेका छन्। उपयुक्त गृहकार्यले विद्यार्थीको उपलब्धिमा सकारात्मक प्रभाव पार्न सक्छ भन्ने उनको दृष्टिकोण छ । यस्तै, विक्की डेभिस एक लोकप्रिय शैक्षिक ब्लगर हुन् जसलाई 'द कुल क्याट टिचर' भनेर चिनिन्छ। उनी शिक्षामा नयाँ दृष्टिकोणका लागि परिचित छन्। उनको तर्क छ, 'गृहकार्य वास्तविक जीवनका प्रयोगहरूसँग मिल्नुपर्छ। अनि मात्र विद्यार्थी सिकाइको सान्दर्भिकता र सामग्रीसँग अर्थपूर्ण रूपमा जोडिन सक्छन्।'निष्कर्षमा, गृहकार्य दिने वा नदिने भन्ने बहसमा तर्कहरूलाई तुलना गर्दा गृहकार्य दिन सकिन्छ भन्नेमा बलिया देखिन्छन् तर अत्यन्तै विचार पूर्वक मात्रै ।गृहकार्य शैक्षिक प्रक्रियाको महत्त्वपूर्ण भाग हो। यसले विद्यार्थीको सिकाइलाई सुदृढ बनाउनुका साथै उनीहरूलाई जिम्मेवारी र आत्मनिर्भरता विकास गर्न सहयोग गर्छ । तर, गृहकार्यलाई प्रभावकारी बनाउन तीन महत्त्वपूर्ण आयामका आधारमा योजना गर्न आवश्यक छः उद्देश्य (किन दिने?), सामग्री (के दिने?) र मात्रा (कति दिने?)।

यी आयामहरूको सन्तुलनले गृहकार्य प्रभावकारी बनाउँछ। गृहकार्यको प्रमुख उद्देश्य कक्षाकोठामा विद्यार्थीले सिकेको ज्ञा सुदृढ पार्नु हो। विद्यार्थीको बुझाइलाई गहिरो बनाउन कक्षामा पढाइएका विषयवस्तु सम्बन्धित कार्यहरू दिन सकिन्छ। तर, त्यसको उद्देश्य स्पष्ट हुनुपर्छ। केबल समय बिताउन दिइने गृहकार्यले विद्यार्थीको प्रगति गराउँदैन । अर्को, गृहकार्यको सामग्री सोचविचारपूर्वक चयन गर्नुपर्छ। सामग्रीले विद्यार्थीको स्तर, रूचि र कक्षाकोठामा पढाइएको विषयवस्तुसँग मेल खानुपर्छ। अर्थपूर्ण, सान्दर्भिक र सिकाइएका अवधारणालाई अभ्यास गराउने खालको गृहकार्य हुनुपर्छ । एउटै प्रकारका अभ्यासले विद्यार्थीलाई दिक्क गराउन सक्छ। त्यसैले लेखन बाहेकका विभिन्न प्रकारका गतिविधिहरू, जस्तै योजना कार्य, गृहकार्यमा समावेश गर्नाले यसमा विविधता आउँछ । त्यस्तै, गृहकार्यको मात्रा विद्यार्थीको उमेर र स्तरअनुसार निर्धारण गर्नुपर्छ । कक्षा तीनसम्मका बालबालिकालाई गृहकार्य दिनु आवश्यक छैन भन्ने धारणा छ। किनभने यस उमेर समूहका बालबालिकाको सिकाइ मुख्य रूपमा खेलकुद, अन्वेषण र सिर्जनात्मक क्रियाकलापहरू मार्फत हुन्छ। गृहकार्यले उनीहरूको प्राकृतिक जिज्ञासा र सिर्जनशीलता सीमित गर्न सक्छ। स्कुलमा प्रभावकारी रूपमा गराइएका कक्षाकार्यहरू मात्रै पनि सुरूमा उल्लिखित चन्द्रकला जस्ता बालबालिकालाई पर्याप्त हुन्छ । बालबालिकाको ध्यान अवधि छोटो हुन्छ। गृहकार्यले उनीहरूमा अनावश्यक तनाव र थकान सिर्जना गर्न सक्छ जसले सिकाइ प्रतिको रूचि घटाउँछ। जुन दीर्घकालीन रूपमा हानिकारक हुन सक्छ । तर पनि अभिभावकको चाहनालाई ध्यानमा राख्दै गृहकार्य दिनैपरेमा प्राथमिक तहका विद्यार्थीलाई दसदेखि बीस मिनेट प्रतिदिन क्रियाकलापले भरिएका र अभिभावकसँग अन्तर्क्रिया गर्न सकिने खालका गृहकार्य उपयुक्त हुन्छ।

# लुम्बिनी प्रादेशिक अस्पतालमा थपियो प्रसूति शल्यक्रिया कक्ष

नमस्ते समचारदाता
बुटवल, माघ/०४



लुम्बिनी प्रादेशिक अस्पतालमा महिला तथा प्रसूति शल्यक्रिया कक्ष थप गरिएको छ। प्रसूति सेवालाई विस्तार गर्दै तीन वटा शल्यक्रिया कक्ष थप गरिएको हो। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले शुक्रबार लुम्बिनी प्रादेशिक अस्पतालमा महिला तथा प्रसुती शल्यक्रिया कक्षको उद्घाटन गरेका छन्। उपचार सेवालाई छिटो छरितो रुपमा प्रदान गर्न शल्यक्रिया कक्षले महत्वपूर्ण योगदान गर्ने बताए।'उपचार सेवा लिन जुन पालो पर्खनुपर्ने अवस्था छ। त्यसलाई घटाउन सहयोग पुग्ने विश्वास लिएको छु'मुख्यमन्त्री आचार्यले भने,'अव पालो पर्खनुपर्ने समस्यालाई हल गर्न सक्ने छौं भन्ने लागेको छा'प्रादेशिक अस्पतालको सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनेगरी सरकारले कार्यक्रम बनाएको बताउदै त्यसमा स्वास्थ्यकर्मी तथा चिकित्सकहरुको महत्वपूर्ण योगदान जरुरी रहेको औंल्याए। 'सेवा प्रवाहलाई चुस्त बनाउने भनेको यहाँ कार्यरत जनशक्तिले हो'उनले भने,'दत्तचित्त भएर स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन यहाँहरुले खेलेको भूमिकाको प्रदेश सरकार प्रशंसा गर्न चाहन्छ। अझ यहाँहरुबाट थप योगदान सरकारले खोजेको छ।' अस्पताल विकास समितिका अध्यक्ष अजयमान श्रेष्ठको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा स्वस्थ्यमन्त्री खेमबहादुर सारु, स्वास्थ्य सचिव डाक्टर बासुदेव उपाध्याय, स्वास्थ्य निर्देशक डा।विनोद गिरी, अस्पतालका मेडिकल सुपेरिटेन्डेन डा।इन्द्र ढकाल लगायतको सहभागिता थियो । विगत ३ वर्षको तथ्याङ्क अनुसार अस्पतालमा वार्षिक ९ हजार बढी बिरामीले शल्यक्रिया सेवा लिएका छन्। अस्पतालमा पछिल्लो आर्थिक वर्ष २०८०/८१ मा ९ हजार ७६५ वटा शल्यक्रिया सेवा लिएका थिए। जसमध्ये ४ हजार ५४७ वटा शल्यक्रिया प्रसूती सेवातर्फको रहेको अस्पतालले जनाएको छ । अस्पतालमा प्रसूती सेवाका लागि पछिल्लो आर्थिक वर्षमा १२ हजार ९८ जनाले सेवा लिएका मध्ये ७ हजार ५४८ जनाले सामान्य रुपमा बच्चा जन्माएका छन्। पछिल्लो आर्थिक वर्षमा लुम्बिनी प्रादेशिक अस्पतालबाट ३ लाख ४८ हजार ९७१ जनाले स्वास्थ्य सेवा लिएको तथ्याङ्कमा उल्लेख छ। अस्पतालमा शल्यक्रिया कक्ष बिस्तार गरेसँगै सेवा प्रवाहमा सहजता आउने विश्वास गरिएको छ।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

# लामो समय देखि फरार प्रतिवादी पक्राउ

नमस्ते समचारदाता
प्युठान, माघ/०४



जिल्ला प्रहरी कार्यालय प्युठानले चालु आर्थिक वर्षमा २२ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । प्रहरीले अभियान सञ्चालन गरेर वर्षौंदेखि फरार रहेका २२ जना प्रतिवादीलाई पक्राउ गरेको जनाएको हो । जिल्ला प्रहरी कार्यालय प्युठानका प्रमुख प्रहरी नायब उपरीक्षक दिपेश बस्यालले ८५ जना फरार प्रतिवादीमध्ये २२ जनालाई पक्राउ गर्न सफल भएको बताए । उनले जबरजस्ती कर णीमा सबैभन्दा बढी १३ जना, सवारी ज्यानमा ३ जना, बैङ्किङ कसुरमा २ जना र बहुविवाह, कुटपिट, गालीबेइज्जती, सार्वजनिक अपराधमा फरार एक/एक जना पक्राउ परेको बताए । उक्त पक्राउ परेका व्यक्तिबाट ६ वर्ष ३ महिना ११ दिन कैद असुल र १० लाख पच्चीस हजार रुपियाँ जरिवाना असुल भएको प्रहरी प्रमुख बस्यालले जानकारी दिए । पक्राउ पर्नेहरूमा २० वर्ष अगाडिका समेत रहेको बस्यालले बताए । प्रहरीले पछिल्लो समय सामुदायिक सचेतनाका कार्यक्रमलाई गाउँगाउँमा पुगेर सञ्चालन गरेको जनाएको छ । नागरिक सुनुवाइदेखि विभिन्न अपराध न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम गर्ने गरेको र त्यसकै प्रतिफलको रुपमा यो परिणाम आएको प्रहरी प्रमुख बस्यालले बताए ।

# खजुराको पेडारी नालामा पक्कि पुल बन्ने

नमस्ते समचारदाता
नेपालगञ्ज, माघ/०४

नेपालगञ्ज(गुलरिया सडक खण्ड अन्तर्गत बाँकेको खजुरा गाउँपालिका ३ खजुरा बजार स्थित पेडारी नालामा चारलेनको पक्कि पुल निर्माण हुने भएको छ । लुम्बिनी प्रदेशसभा सदस्य रत्न खत्रीका अनुसार सङ्घीय सरकार को अर्थ मन्त्रालयले खजुराको पेडारी नालामा पक्कि चारलेन पुल निर्माणका लागि बजेट स्वीकृत भएको छ । प्रदेशसभा सदस्य खत्रीले भने, 'अर्थ मन्त्रालयले नेपालगञ्ज(गुलरिया सडक खण्ड अन्तर्गत बाँकेको खजुरा गाउँपालिकामा पर्ने पेडारी नाला र चपरा नाला सहित बाँके जिल्लामा चारवटा पुल निर्माणका लागि बजेट विनियोजन गरेको जानकारी प्राप्त भएको छ ।' हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय नेपालगञ्जका प्रमुख लिलाबहादुर भण्डारीले अर्थ मन्त्रालयबाट बजेट स्वीकृत भएपछि अब केही दिनमा टेण्डर आव्हान गरी काम सुरु हुने जानकारी दिए । भण्डारीले भने, 'लामो समयदेखि माग गर्दै आएको योजना यसपटक स्वीकृत भएको छ, अब केही दिनमा निर्देशनालयबाट टेण्डर आह्वान भई काम सुरु हुन्छ ।' खजुरामा ७ वर्ष अघिदेखि चारलेन सडक निर्माण सुरु भएको भएपनि साँघुर ो र जीर्ण पुल भएका कारण आवागमनमा सास्ती हुँदै आएको छ । पेडारी नालामा बन्ने नयाँ पुल २२ मिटर चौडाई र ३३ मिटर लम्बाईको हुने छ । पुलको लागत १२ करोड बढि छ । पेडारी नालामा साँघुरो र जीर्ण पुल भएका कारण वर्षायाममा खोलामा बाढी आउँदा पटकपटक सवारी आवागमन प्रभावित हुँदै आएको छ ।

# वन्यजन्तुका कारण हुने नोक्सानीको राहत प्रक्रियाबारे चासो

नमस्ते समचारदाता
बाँके, माघ/०४



बाँकेको राप्तिसोनारी गाउँपालिका वडा नम्बर २ मदुवाका युवाहरुले वन्यजन्तुका कारण हुने नोक्सानीको राहत प्रक्रियाबारे जानकारी नपाएको बताएका छन् । बाँदर, बाघ, स्याल, र सुगाजस्ता वन्यजन्तुले पुऱ्याएको क्षतिबारे अब सुमदायमा पनि जानकारी गराउनु पर्ने स्थानीय युवा मोहम्मद कैफ कुरैशीले बताए । वन्यजन्तुहरूले घरभित्रको अन्नदेखि खेतबारीमा लगाइएको बालीसम्म सखाप पार ेपछि राहत तथा क्षतिपुर्तिका लागि पीडितहरुले थाहा नपाउँदा सुविधाबाट वन्चित हुनु परेको स्थानीय गोमा खत्रीले बताइन । उनले राहत पाउने प्रक्रिया ढिला भएको हुँदा पनि यसतर्फ धेरै स्थानीयहरुले चासो नदिएको दुखेसो पोखिन । "वातावरणीय न्याय र जवाफदेहिताका लागि क्लब चौतारी" कार्यक्रमका सहभागीहरुले आफ्ना अनुभव र समस्याहरुबारे यस्तो बताएका हुन । समाज सुधार युवा क्लबका सदस्य सुरेश वलीले वन्यजन्तुबाट हुने असर कम गर्न तारजाली मात्र भएर नहुने बताए । कार्यक्रमका सहभागीहरुले राहत प्रक्रिया सरल बनाउनुपर्ने र स्थानीय निकायले प्रत्यक्ष निरीक्षणको आधारमा र ाहत दिनुपर्ने सुझाव दिए । कार्यक्रममा उठेका मुद्दाहरुलाई समेट्दै सहजकर्ता सावित्री गिरीले वन्यजन्तुबाट भएको राहत वितर ण निर्देशिका २०८० मा समेटिएका राहात पत्रियाका विषयमा जानकारी गराएकी थिइन । युएसएडको सहयोग र द एसिया फाउन्डेशन मुख्य कार्यान्वयन संस्था रहेको युएसएड नागरिक समाज तथा सञ्चार कार्यक्रम अन्तर्गत "वातावरणीय न्याय र जवाफदेहिताका लागि सीमान्तकृत समुदायको सबलीकरण अभियान'' को गतिविधिका रुपमा क्लब चौतारी गरिएको समुदायका लागि सञ्चार अभियान नेपाल (सीसीएन)का कार्यक्रम संयोजक भिम बहादुर सार्कीले बताए । कार्यक्रममा ३८ जनाको सहभागीता रहेको थियो । यो अभियान बर्दियाको मधुवन नगरपालिकाको वडा नम्बर २ र बाँकेको राप्ती सोनारी गाउँपालिका वडा नम्बर २ मा सञ्चालित छ ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
लपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला

# आगलागीपीडित र विपन्नलाई सिरक सहयोग



नमस्ते समचारदाता

हुम्ला, माघ/०४

जिल्लाको मध्यक्षेत्रमा आगलागीपीडित र गरिब विपन्न घरधुरीका स्थानीयलाई फाइबर सिरक सहयोग गरिएको छ। सिरक मानव सेवाका क्षेत्रमा काम गर्दै आएको सत्य शाही केन्द्र काठमाडौंले सहयोग गरेको हो। सर्केगार्ड गाउँपालिकाका विभिन्न वडाका ३३ जनालाई एक-एक थान फाइवर सिरक वितरण गरिएको सत्य शाही केन्द्र हुम्लाका संयोजक वसन्त रोकायाले जानकारी दिए । उक्त सिरक हुम्ला जिल्लाको सर्केगाड गाउँपालिका-७ को रोडीकोट गाउँका आगलागीपीडितलाई १८ थान सहयोग गरिएको छ। रोकायाकै समन्वयमा न्यानो सिरक केन्द्रले सहयोग गरेको हो। मंसिर २७ गते उक्त गाउँमा आगलागी हुँदा चार घरधुरी जलेर नष्ट भएका थिए । त्यसैगरी, सर्केगाड गाउँपालिका- ८ को रहादेव गाउँका गरिब विपन्न दुई घरधुरीलाई दुई थान, सोही गाउँपालिका-४ साँयाका विपन्न तीन घरधुरी, सोही गाउँपालिका तीन घरधुरी, सोही गाउँपालिका-२ को रिप गाउँका दुई घरधुरी, ३ को उनापनी गाउँका तीन र वडा नम्बर ६ को छ्यागीमा दुई वटा गरी जम्मा ३३ थान फाइवर सिरक वितरण गरिएको हो । मानव सेवा नै धर्म हो भन्ने मुल नाराका साथ सिरक वितरण गरिएको हो। उक्त फाइवर सिर पाएपछि यो चिसोको वेला निकै राहत भएको आगलागी पीडित तथा बिपन्न परिवारका सदस्यले बताएका छन्। केन्द्रले यसअघि पनि पटक-पटक कम्बल, खाद्यान्न बिपन्न तथा गरिबलाई सहयोग गर्दै आएको थियो।

# अब गमगढी–नाक्चेलाग्ना सडकले गति लिने

नमस्ते समचारदाता

मुगु, माघ/०४



आगामी आर्थिक वर्षको बजेटमा ३० करोड रुपैयाँको स्रोत सुनिश्चित भएपछि गमगढी-नाक्चेलाग्ना सडक निर्माण परियोजनाले तीव्रता पाउने भएको छ। यस सडकले मुगु जिल्लाको मुख्य प्रशासनिक केन्द्र गमगढीलाई नाक्चेलाग्नासँग जोड्ने उद्देश्यसाथ स्थापना गरिएको हो । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले गमगढी-नाक्चे लाग्ना सडक र गमगढी बृहद खानेपानी योजनाको लागि श्रोत सुनिश्चित गरी बहुबर्षीय परियोजनाको रूपमा राष्ट्रिय प्राथमिकतामा परेको जानकारी दिए। उनले भने, 'आफ्नो अथक प्रयासबाट बर्षौंदेखिको मुगाली जनताका साथै समग्र कर्णाली बासीको सपना पूरा भएको छ।'भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमार्फत अर्थ मन्त्रालयले जनताको आवश्यकता र मागलाई ध्यानमा राखेर स्रोतको सुनिश्चितता गराएपछि यो परियोजना आगामी आर्थिक वर्षमा श्रोत सुनिश्चित भई बहुबर्षे परियोजनाको रूपमा सरकारको प्राथमिकतामा परेको उनले बताए। उनले भने, 'हरेक बर्षमा कनिका छरे झैंको बजेटले आबश्यक गति लिन नसक्दा ओझेलमा पर्दै आएको थियो।'गमगढीबाट उत्तरी सीमा नाका नाक्चे लाग्नासम्म ९६ किलोमिटर लम्वाईको यस सडक कछुवाको गति झैं १८ वर्षको समय लगाएर गमगढीबाट छाईल बगरसम्म १७ किलोमिटर मात्र निर्माण भएको छ। बाँकी ७९ किलोमिटर सडक अलपत्र पर्दै आएको थियो । मगढी-नाक्चेलाग्ना सडक निर्माण परियोजनाका लागि ३० करोड र गमगढी बृहद खानेपानी निर्माण परियोजना लागि १० करोड बजेट सुनिश्चित भएको हो।

# हिमपातले अवरुद्ध सिमकोटको हवाई सेवा सुचारु



नमस्ते समचारदाता

हुम्ला, माघ/०४

बिहीबार हिमपातले अवरुद्ध भएको हवाई सेवा शुक्रबार सुचारु भएको छ। शुक्रबार बिहान मौसममा सुधार आउँदा विमानस्थलमा जमेको हिउँ फालेपछि अवरुद्ध हवाई सेवा सुचारु भएको हो । सिमकोट विमानस्थलमा जमेको आधा फिट हिउँ फालेर हवाई सेवा सुचारु गरिएको नेपाल नागरिक उड्डयन प्राधिकरण सिमकोट शाखाका प्रमुख महेन्द्र सिंहले जानकारी दिए।बिहान नौ बजेटबाट एघार बजेसम्म दुई घण्टा समय लगाएर विमानस्थल र एप्रोनमा जमेको हिउँ पन्छाइएको हो। विमानस्थलको हिउँ फालेर रन वे सफा भएपछि नेपालगञ्जबाट सीता र समिट एयरले एक एक उडान भरेका थिए भने सीता एयरले सुर्खेतबाट पनि एक उडान भरेको थियो । यसअघि बिमानस्थलको हिउँ फाल्ने कार्यमा विमानस्थलमा राखिएको हिउँ फाल्ने मेसिन प्रयोग गर्नुका साथै सेना, प्रहरी, सशस्त्र प्रहरी, बिमानस्थलका कर्मचारी र एयरलायन्सका कर्मचारी जुटेका थिए।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!
यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरुले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
तालिमहरू / सिट
बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट
तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-
फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
चंखेली गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखाःसुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके